# मिसन न्यूज

बेस्ट कर्णाली मिडिया

Mission News National Weekly

राष्ट्रिय साप्ताहिक

www.missionenews.com

| वर्ष-४ | अंक-१५ | २०७६ मंसिर ०४ गते बुधबार | 20 November 2019 Wednesday | मूल्य रू. १०/- |
|---|---|---|---|---|



श्रमिकहरुको मौलिक अधिकारको सम्मान गरौं, सबै प्रतिष्ठानहरुले न्यूनतम पारिश्रमिक प्रदान गर्न आनाकानी नगरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग


# कर्णालीको उत्तरी नाका कछुवा गतिमा

मिसन न्यूज

सुर्खेत

कर्णाली प्रदेश सरकारले कर्णालीका उत्तरी नाकालाई प्राथमिकतामा राखेको छ। तर, कर्णाली प्रदेशका उत्तरी नाका मुगुको नाक्चेलाग्ना, डोल्पाको मोरिल्ला र हुम्लाका हिल्सामा सुस्त गतिमा काम भइरहेको छ। चीन सरकार कर्णाली प्रदेशको उत्तरी नाका हिल्सा खोल्नका लागि तयार भएको छ भने मुगुको नाक्चेगाल्ना र डोल्पाको मोरिल्ला नाका खोल्न भने आनाकानी गर्दै आएको छ। सरकारले प्राथमिकतामा राखेका योजनाहरू राष्ट्रिय गौरवका आयोजनामा नराखी थोरै बजेट विनियोजन गर्दा अहिले कर्णालीका उत्तरी नाका खोल्नमा सकस नै छ।



मुगुको नाक्चेलाग्ना सडक अन्र्तगत थाइल सडकखण्ड। तस्विर : मिसन न्यूज

**नाक्चेलाग्ना बजेटको अभाव**

कर्णाली प्रदेशको उत्तरी नाकाका रूपमा रहेको नाक्चेलाग्ना नाका खोल्नका लागि प्रदेश सरकारले प्राथमिकतामा राख्दै आएको छ । मुगुको गमगढीदेखि नाग्चेलाग्नासम्मको ९६ किलोमिटरमध्ये हाल गमगढीदेखि थाइलसम्मको १६ किलोमिटर ट्रयाक खुलेको छ।१६ किलोमिटर सडकको ट्रयाक ओपन भएअगाडिका वर्षमा बजेट नै विनियोजन नभएको र चालू आवमा १० करोड रुपैयाँ बजेट विनियोजन गरिएको सडक डिभिजन कार्यालय जुम्लाका प्रमुख श्रवणकुमार महताराले बताए। 'गत आर्थिक वर्षमा नाग्चेलाग्ना सडक निर्माणका लागि बजेट नै आएन,' उनले भने, 'यो आर्थिक वर्षमा १० करोड बजेट आएको छ। डीपीआर तयार भएर अहिले ठेक्का खोल्ने तयारीमा छौं।' नाक्चेलाग्ना नाका खोल्नका लागि सरकारले विनियोजन गरेको बजेटमध्ये थाइलभन्दा अगाडि ठूलो नाङ्लेभीर रहेको त्यो भीर फोड्नका लागि अनिवार्य ब्लास्टिङ गर्नुपर्ने प्रमुख महताराले बताए। 'ठूलो भीर छ। बजेट थोरै छ। ब्लास्टिङ गर्नुपर्नेछ,' उनले भने, 'उत्तरी नाका खोल्नका लागि यो रकम अपर्याप्त छ।' सरकारले राष्ट्रिय प्राथमिकतामा राखेको उत्तरी नाकालाई बजेट थोरै दिने गरेको र सरकारी चासो कमै हुने गरेको प्रमुख महताराले बताए। नाग्चेलाग्ना नाका खोल्नका २०६७ देखि निर्माण सुरू भएको हो। यो सडकमा १० करोड रुपैयाँ खर्च भइसकेको छ। सुर्खेतबाट नाग्मा, गमगढी हुँदै तिब्बतको सीमासम्म ३ सय ९० किलोमिटर लम्बाइ रहेको यो सडकका लागि बजेट थोरै आउने गरेको सडक डिभिजन कार्यालय जुम्लाले जनाएको छ।

**बजेट अभावमा डोल्पाको मोरिल्ला नाका**

भेरी कोरिडोर हुँदै डोल्पाको मोरिल्ला नाका खोल्नका लागि सरकारले चालू आवका लागि बजेट नै विनियोजन गरेको छैन । डोल्पाको दुनैदेखि मोरिल्लासम्मको १ सय २७ किलोमिटर सडकमध्ये डोल्पाको धौदेखि चीनको मोरिल्ला जोड्ने ६५ किलोमिटर सडक ट्रयाक खुलिसकेको सडक डिभिजन कार्यालय रूकुम चौरजहारीका प्रमुख नरेन्द्र भट्टले बताए। उनले भने, 'डोल्पा

बाँकी ८ पेजमा.....

# कालिजमा आर्कषण

मिसन न्यूज

सुर्खेत

कर्णाली प्रदेशको सुर्खेतमा कालिजपालनको व्यवसाय बढ्दै जना थालेको छ। बजारको माग बढ्दै गएका कारणले कालिजको व्यवसायिक पालन गर्नेको संख्या बढ्दै गएको हो। कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगर नगरपालिका(१३ 'एचके अर्गानिक वाइड एण्ड अर्गनाईजेशन रिसर्च' प्रा.लि. रातानाङलामा र वीरेन्द्रनगर(१४ को गढीमा 'माउण्टेन वाइल्ड फुड प्रोडक्ट' प्रा.लि.ले व्यवसायिक कालिजपालन शुरु गरेका छन्। एचके अर्गानिक वाइड एण्ड अर्गनाईजेशन रिसर्च प्रा.लि.ले २० रोपनी जग्गा १० वर्ष लिजमा लिएर ८८ लाखको लगानीमा कालिजपालन फर्मको सुरुवात गरेको हो भने, माउण्टेन वाइल्ड फुड प्रोडक्ट' प्रा.लि.ले ६० लाखको लगानीमा कालिजपालन व्यवसाय शुरु गरेको हो। एचके अर्गानिक वाइड एण्ड अर्गनाइजेसन प्रा.लि.ले भदौ महिनादेखि कालिज पाल्न सुरु गरिएकोमा एक हजार दुई सय कालिज उत्पादन गरिएको गरिएको सञ्चालक हस्तबहादुर शाही बताए। 'आफ्नो आर्थिक समृद्धिसँगै कर्णाली प्रदेश सरकारले लिएको समृद्धिको नारालाई समेत सहयोग पुग्ने



उद्देश्यका साथ फार्मको सुरुवात गरेका छौं।' उनले भने,'आवश्यकताअनुसार व्यवसायलाई बिस्तार गर्दै जाने सोचमा रहेको छ।' एचके अर्गानिक वाइड एण्ड अर्गनाइजेसन प्रा.लि.ले हाल १ हजारदेखि १२ सयसम्म कालिज पालन गरेको सञ्चालक शाहीले बताए। 'चल्लाहरू आउने क्रम जारी छ। बिस्तारै ४ हजार बढी पुऱ्याउने लक्ष्य छ।' उनले भने,'हामीले फ्रान्सेली कालिजको मूल्य एउटाको ३ हजार ५ सय पर्नेछ।' माउण्टेन वाइल्ड फुड प्रोडक्ट' प्रा.लि.ले पहिलो चरणमा ४ सय कालिज पाल्न शुरु गरेको केही कालिज बिक्रि भइसकेको र अबका दिनमा थप कालिकोजको पालन गरिने व्यवस्थापक टोपेन्द्र पौडेल (राज)ले बताए। 'हामीले पहिलो चरणमा ४ सय कालिजको पालन गरेका थियौं। ती मध्ये केही बिक्रि भइसकेका छन्।' उनले भने,'अझैं व्यवसायिक रुपमा थप गर्ने योजना बनाएका छौं।'

# अवैध क्रसर सञ्चालन गर्न दवाव

मिसन न्यूज

सुर्खेत

कर्णाली प्रदेश सकारले अवैध क्रसर उद्योग सञ्चालनका लागि कार्यविधि संसोधन गर्न सुरु गरेको छ। विद्यमान माण्दण्ड अनुसार क्रसर सञ्चालन गर्न नसकिने भएपछि भौतिक पूर्वाधार विकास मन्त्रालयसमेत सम्हालेका मुख्यमन्त्री महेन्द्वबहादुर शाहीको दबाबमा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले 'क्रसर उद्योग स्थापना र सञ्चालनलाई व्यवस्थित गर्न बनेको कार्यविधि-२०७५' संशोधन प्रस्ताव मन्त्रिपरिषद्मा लगेको छ। प्रदेश सरकारले संघीय कानुनविपरीत १० करोडमाथिका योजनाका लागि क्रसर उद्योग सञ्चालन गर्न दिने लक्ष्यसहित कार्यविधि संशोधन गर्न लागेको हो। 'व्यवसायीहरूले निर्माण सामग्री अभावमा विकास निमाणका काम प्रभावित भएको गुनासो गरेपछि मख्यमन्त्रीले उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयलाई कार्यविधि संशोधन



गर्न निर्देशन दिनुभएको थियो', मन्त्रालयका एक सचिवले भने, 'सोही निर्देशन अनुसार मन्त्रालयले कार्यविधि संशोधन गरेर मन्त्रिपरिषद्मा पठाएको छ।' कार्यविधिमा राष्ट्रिय प्राथमिकताका आयोजना सञ्चालन अवधिसम्म स्थानीय कच्चा पदार्थ प्रशोधन गर्ने प्रयोजनका लागि एक अस्थायी क्रसर उद्योग सञ्चालन गर्न दिने बँदा थपिएको छ। योसँगै क्रसर उद्योग सञ्चालनका लागि १० करोडमाथिको ठेक्का स्विकृत भएको हुनुपर्ने अर्को बुँदामा उल्लेख छ। बैंकिङ कसुर आरोपमा साउन ३१ गते भौतिक पूर्वाधार विकासमन्त्री खड्क खत्रीलाई बर्खास्त गरेपछि मुख्यमन्त्री शाहीले उक्त मन्त्रालय आफै सम्हाल्दै आएका छन्। आफूले मन्त्रालय सम्हालेदेखि नै क्रसर उद्योग सञ्चालन कार्यविधि संशोधनका लागि दवाव दिँदै आएको मन्त्रालयका ती सचिवले जनाए। उद्योग मन्त्रालयका सचिव कृष्णप्रसाद आचार्यले विकास-

बाँकी ८ पेजमा.....

# सम्पादकीय...

## सडक विकासमा लागौं

पिछडिएको क्षेत्रलाई विकासको मूलधारमा ल्याउन बनेको दशवर्षे 'कर्णाली विकास योजना' ले विकासको ढोका कोलेको थियो । अहिलेको तिन तहको सकार ले पनि सडकलाई विकास निर्माणको प्राथमिकतामा राख्न जरुरी छ । कर्णालीका दश जिल्लाको भूगोललगायतको क्षेत्रगत स्थिति विश्लेषण गरी निर्माण गरिएको विकास योजनाको मस्यौदामा पहिलोः सडक, दोस्रोः जलविद्युत् आयोजना र तेस्रोः प्राकृतिक स्रोत साधनलाई प्राथमिकीकरण गर्न आवश्यक छ । विकासको पहिलो पूर्वाधार सडक र यसको सञ्जाल नजोडिएसम्म केही नहुने भएकाले सडकलाई प्राथमिकतामा राखिएन भने कर्णालीको समृद्धि र विकासमा समस्या आउने देखिन्छ । जलविद्युत् आयोजना र प्राकृतिक स्रोत अर्थोपार्जनका प्रमुख स्रोत हुन् । यसको सही व्यवस्थापन गर्न सकिए कर्णाली मात्र नभई सिङ्गो मुलुकलाई टेवा पुग्नेछ । कर्णालीको विकास योजनाको मस्यौदामा विकासका नौवटा पक्षलाई नीतिगत रुपमा लिपिबद्ध गर्न जरुरी छ । मस्यौदामा पूर्वाधार विकास, प्राकृतिक स्रोत साधनको व्यवस्थापन, कृषि विकास, पर्यटन, व्यापार तथा आपूर्ति शृङ्खला विकास, सामाजिक क्षेत्र विकास, समाज कल्याण तथा जनसंख्या व्यवस्थापन, जीविकोपार्जन विकास, संस्थागत संयन्त्र र शासन व्यवस्थापन तथा अनुसन्धान र विकास समेटिन जरुरी देखिन्छ ।

विकासमा कर्णालीले फड्को मार्ने यस्ता उपाएहरु सवै सरोकारवाले लागु गर्न आवश्यक पर्दछ । विकासमा सिङ्गो मुलुकको नेतृत्व कर्णालीले गर्ने क्षमता राख्नेछ । सरकारको नीति, विधि र प्रक्रिया अपनाएर जनताको तहबाटै सुझाव लिएर योजनाको मस्यौदा तयार गरेमा समृद्ध कर्णाली बन्ने छ । कर्णालीका विकास योजना कार्यान्वयनका लागि तिन तहकै सरकारले कम्मर कस्न जरुरी छ । हाल स्थानीय तहको जति भुमिका छ । त्यही अनुसार विकासको गतिमा पनि फट्को मार्न पर्छ । विकासको मुल आधार सडक भएकाले कर्णालीका दश वटै जिल्लामा सडकको पहुँच पुग्न आवश्यक छ । सडकको पहुँच भएमा कर्णालीका गाउँमा विकास र समृद्धिको आधार तयार हुनेमा दुविधा छैन । त्यसैले सडकको विकासको संजालले कर्णाली कुना-कुना छुनु पर्ने हुन्छ । तिन तहका सरकार र राजनीतिक दलको काँदमा धेरै जिमेवारी थपिएको छ । यदि सडकको विकास नभएमा अन्य विकासले मुहार नर्फेन भएकाले सवै क्षेत्रले उठ्न जरुरी छ ।

**जनचेतना मुलक सन्देश**

**व्यावसायीक एवं प्रतिस्प्रर्धात्मक कृर्षि प्रणालीद्धारा उच्च एवं दिगो आर्थिक बृद्धि हासिल गरी खाद्या सुरक्षा तथा गरिबी निवारणमा योगदान गर्न कृर्षि उत्पादन एवं उत्पादकत्व बढाई स्वस्थ प्रतिस्प्रर्धात्मक बनाई प्राकृतिक स्रोत वातावरण र जैविक विविधताको संरक्षण, एवं सद्पयोग गरौं ।**

**खाँडाचक्र नगरपालिका**
**कालिकोट**

**प्रकोप र महामारी सम्बन्धमा**

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।**

**शुभकालिका गाउँपालिका**
**कालिकोट**

# कर्णालीमै पहलो सन्ध्याकालिन सेवा

**मिसन न्यूज**
**जुम्ला**

राष्ट्रिय वाणिज्य बैंक जुम्ला शाखामा कर्णालीमै पहिलो सन्ध्याकालिन सेवा सुरु भएको छ । कर्णालीका सवै शाखामा नभएको सन्ध्याकालिन सेवा जुम्ला शाखामा सुरु गरिएको हो । सेवाग्राही र व्यवसायीहरुको माग र आवश्यकतालाई गरे लगत्तै सेवा लिन पुगेका चन्दननाथ नगरपालिका ६, का स्थानीय अनुप थापाले आफुलाई निकै खुसी लागेको बताए । उनका अनुसार सेवालाई प्रभावकारी बनाउन बैंकले ध्यान दिनुपर्छ । सन्ध्याकालिन काउन्टर सेवा सुचारु भएपछि हिउँदको समयमा साँझ साढे तीन बजेदेखि साढे पाँच बजेसम्म र वर्षाको समयमा



मध्यनजर गरी सेवा सुरु गरिएको शाखा प्रमुख ओम बहादुर शाहीले बताए । उनका अनुसार कर्णालीमै पहिलो पटक हो । यसअघि कुनै पनि जिल्लामा सन्ध्याकालिन सेवा सुरु गरिएको छ । सबै भन्दा सेवाग्राहीहरुको चाप हुने सेवा प्रवाहमा सहज होस भन्ने उद्देश्यले सेवा सञ्चालनमा ल्याईएको म्यानेजर शाहीको भनाई छ । विगतको भन्दा सहज सेवा प्रदान हुने विस्वास गरिएको छ ।

'सेवाग्राहीको आवश्यकतालाई मध्यनजर गरी सन्ध्याकालिन सेवा सुरु गरेका हौं ' उनले भने, 'यसले सेवा प्रवाहमा सहज हुने अपेक्षा गरेका छौं ।' यसअघि सेवा लिनको लागि घण्टौं लाईनमा कुर्नु पर्ने अवस्थाको अन्त्य हुने भएको छ । स्थानीयले भने सन्ध्याकालिज सेवा सुरु भएको भन्दै खुसी व्यक्त गरेका छन् । बैंकले सेवा संचालन साढे चार बजेदेखि साढे ६ बजेसम्म संचालन हुनेछ । जिल्लाका सिंजा क्षेत्र र चौधविस क्षेत्रबाट सेवा लिन आउनेहरुलाई सहज हुने अपेक्षा गरिएको छ । यसअघि वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत किरण कुमार श्रेष्ठ कार्तिक पाँच गते जुम्ला पुगेका थिए । त्यहाँ बेला व्यवसायीहरुले वाणिज्य बैंकको सेवालाई छिटो छरितो र व्यवस्थित गर्दै सन्ध्याकालिन सेवाको व्यवस्था गर्न माग गरेका थिए । आइतबार सन्ध्याकालिन काउन्टर सेवाबाट उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष पुरीचन्द्र देवकोटाले पहिलो चेक साटेपछि सुरुवात भएको छ । जुम्ला शाखामा अहिले ९ जना कर्मचारीको आवश्यकता रहेपनि ६ जना मात्रै रहेका छन् । दरबन्दी थप गरि कर्मचारी पठाउन केन्द्रमा पहल भएको शाखा जुम्लाले जनाएको छ ।

**वन डढेलो नियन्त्रण सम्बन्धी सूचना**

**वन डढेलो रोकथाम गर्ने उपायहरुः-**

१) वन डढेलोबाट क्षणिक फाईदा मात्र नहेरी डढेलोबाट हुने असरको बारेमा गाउँ, टोलमा चेतना जगाएर ।
२) भौगोलिक अवस्था हेरी सम्भव भएसम्म वन प्राविधिकको सहयोगमा अग्नी रेखा निर्माण गरेर ।
३) वनमा ज्वलनशील पातपतिङ्गरलाई समयमै जम्मा गरी कम्पोष्ट मल वा सोत्तरको रुपमा प्रयोग गरी वन क्षेत्रमा ज्वलनशील वस्तुको संचितीमा कमी ल्याउने ।
४) सामुदायिक वन समूहहरुले वन कार्ययोजना अनुसार वन क्षेत्रको संरक्षण गर्नु महत्वपूर्ण दायित्व हो । संरक्षण कार्य अन्तर्गत वन डढेलो रोकथाम तथा नियन्त्रण कार्य पनि पर्दछ । वन डढेलो लाग्न नदिनतर्फ सचेत रहने, रोकथाम तथा नियन्त्रण गर्न उपभोक्ताहरुमा सचेतना कार्यक्रम सञ्चालन गर्ने ।

**वन डढेलो नियन्त्रण गर्ने उपायहरुः-**

१) सानोतिनो डढेलो लागिहालेमा पानी, हरियो स्याउला, माटो बालुवा आदिले हानेर निभाउन सकिन्छ ।
२) नियन्त्रण गर्न नसकिने डढेलोलाईप्रति अग्नी विधी (Conter Fire Method) अपनाएर जस्तैः आगो आईरहेको दिशातिर पहिले नै आगो लगाई ज्वलनशील वस्तु समाप्त गरी डढेलो नियन्त्रण गर्न सकिन्छ ।
३) अग्नी नियन्त्रणमा उपयोगी औजारहरु (Fire Fighting Tools) जस्तैः दांते (Fire Rake),चेप्टे ( Fire Swatter), खुकुरी, सावेल, बन्चरो, बाल्टिन आदि प्रयोग गरेर ।

**डिभिजन वन कार्यालय,कालिकोट**
**कर्णाली प्रदेश,नेपाल**

# समृद्धिमा समेत प्रायोजन खोज्ने ?



नारायण घिमिरे

चिन र भारतले जडीबुटीको व्यावसायिक खेतीबाट मनग्गे आम्दानी गरिरहेका छन् तर नेपालमा भने व्यावसायिक खेती गरी मुनाफा कमाउन नेपाली उद्यमी चुक्नु हुँदैन भन्ने धारणाको विकास हुन सकिरहेको छैन । नेपालमा वन नियमावली र वन कार्यविधि यसका बाधक देखिएको छ । यसको परिमार्जन गरी सामुदायिक वन भाडामा लिएर जडीबुटी खेती गर्ने वातावरण तयार गर्नुपर्ने अवस्था आएको छ । सरकारी र निजी जग्गामा बेग्लाबेग्लै जडीबुटी खेतीको व्यवस्था गर्नुपर्छ ।

उत्पादितको जडीबुटीको प्रशोधन र बिक्री तथा निर्यातका विषयमा सरकारले मीठामीठा कुरा गरे पनि काम भने निराशाजनक छ । हाम्रा छिमेकी मुलुक चीन र भारतले खेती गर्न किसानलाई नै नगद अनुदान दिन्छन् । त्यसका अतिरिक्त स्थानीय उत्पादनलाई प्रशोधन र निर्यातयोग्य बनाउन सीप र प्रविधि हस्तान्तरणका लागि विशेष सहयोग गर्ने गर्छ । प्रशोधन, त्यसका लागि आवश्यक ज्ञान र सीप वृद्धिका लागि किसानलाई सहजता, प्रविधि हस्तान्तरण जस्ता सविषयमा शत्प्रतिशत सहयोग गरेको छ । उद्यमीलाई नवीन प्रविधिको खोजीका लागि ज्ञान सङ्कलनकर्तालाई शतप्रतिशत प्रारम्भिक लागत हालेर संसारको बजारमा आफ्नो पकड जमाउन सकिरहेका छन् । हाम्रो सरकार भने परम्परागत राजनीतिक व्यवस्था र कार्यान्वयन पक्ष असहज छ । त्यसलाई तोड्ने र नतिजा दिनेतर्फ एक पाइलो अघि सार्न सकेको छैन । जडीबुटी र हर्बलको व्यावसायिक उत्पादन गर्ने र प्रशोधन गरेर निर्यातयोग्य जडीबुटी व्यवसाय गर्न चाहने निम्न स्तरका नेपाली यो उद्यममा जोडिने प्रबल सम्भावना घट्दै गएको छ । किनभने वर्तमान सरकारको जडीबुटी उत्पादन, प्रशोधन र निर्यातको प्राथमिकता कृषि उद्यममा नभई वन पैदावारमा राखिएकाले यस्तो हुन गएको हो । जडीबुटी र हर्बल सामान्य सरसफाइ गर्ने, उपयोगी तत्त्व सङ्कलन गर्ने, हर्बल चिया बनाउने, चूर्ण बनाउने, जैविक ओखती बनाउने, जैविक मल, जैविक विषादी, प्राकृतिक स्वस्थ उत्पादन बनाउने कार्यका लागि मात्र ८, १० लाख लगानीमा पनि राम्रो मुनाफ दिनेगरी सञ्चालन गर्न सकिन्छ ।

उत्पादन, प्रशोधन, बजारीकरणलाई शत्रुको व्यवहार गर्ने वन नीतिका कारण साना उद्यमशीलातामुखी मात्रै गरिदिँदा पनि यो क्षेत्रमै कायापलट हुने मलेसिया, इन्डोनेसियाको अनुभवले बताउँछ । आयातले ९३ प्रतिशत हिस्सा ओगटेको नेपाली बजारले केके सामान बेचिरहेछ ? तीमध्ये तत्काल र दीर्घकालमा आफ्नै जडीबुटी र हर्बल उत्पादनमार्फत प्रतिस्थापन गर्ने सक्षम ज्ञान र प्रविधि दिँदै नवीन संस्कृति (इनोभेटिभ कल्चर) स्थापित इच्छाशक्ति सरकारले कहिल्यै देखाएन । जडीबुटी र हर्बल उत्पादनका पाठ्यक्रम विकासमा सहभागी बहुसङ्ख्यक प्राज्ञहरूले समेत शिक्षा प्रणालीलाई विश्व बजारमा प्रतिस्पर्धी बनाउनु भनेको विद्यार्थीलाई नेपालमा पढाएर विदेशमा काम गर्न योग्य बनाउनु हो भन्ने मनोरोगग्रस्त बने । प्राविधिक शिक्षाका पाठ्यक्रम बनाउन दुई चार विदेशी संस्थामा पढाइने पाठ्यक्रम जम्मा गर्ने अनि मिसाएर चटपटे पाराको भाषागत र शब्द बदलीमै खुम्च्याइदिए । जडीबुटी र हर्बल उत्पादनका न त खाद्य प्रविधि, न कृषि, न वन, न आयुर्वेदकै पाठ्यक्रममै अटायो । कृषिमा प्रविधि हस्तान्तरणको रूपमा जमिन जोत्न हाते ट्याक्टरमा दिइएको ५० प्रतिशत अनुदानले परम्परागत गोरु, राँगालाई प्रतिस्थापन गर्यो तर लगानीको हिसाबको स्वरोजगारीको अवसर दिएन । मल र बीउमा दिइने ४५ प्रतिशत अनुदानमा ६ अरब खर्च भइरहेको अवस्थामा बायो मल र बायो विषादीले प्रतिस्थापन गर्न हाराहारीको मूल्य जैविक मलमा थप गर्न गर्ने सरकारी इच्छाशक्ति कहिल्यै जुरेन । कृषिको ग्रामीण उद्यमशीलता विकासमा पटके पाराको रकम र कार्यक्रम उपलब्ध गराई सरकारी अनुदानको रकम र कार्यक्रम उपलब्ध हुँदाका बखत मात्र अनुदान मिल्ने कार्यक्रम कृषक हैन बिचौलियामुखी हुने गर्छ, त्यस्तै भयो ।

जैविक र अर्गानिक खेतीतर्फ दिइने भनेको ५० प्रतिशत अनुदान लिने प्रक्रिया झन्झटिलो मात्र छैन, लगभग साधारण किसानको पहुँच बाहिरको बनिदियो । दुई रुपैयाँ बराबरको बीउका लागि झन्डै दस रुपैयाँ बराबरको मल र विषादी भित्रिने परिस्थिति रैथाने र परम्परागत कृषि प्रणाली विकासकै बाधक बनिदियो । हर्बल उद्यमशीलताको व्यवसायमा लागेका किसान र उद्यमीहरूमा समेत बजारमा त्यसको चलेको मूल्य हेर्ने तर आफ्नो कुल लागत नहेर्ने बानी बसिदियो । जस्तैस केही वर्षअघि केमोमाइल तेलको मूल्य ६० हजारसम्म पुग्यो। उत्पादन बढ्दा केही अघि ४२ हजारमा झर्यो । बजार मूल्य ४२ हजारमा झर्दाझर्दै यसको लागत मूल्य २२ हजार हुने अवस्थामा राम्रै मुनाफा थियो । हिजोको चलेको मूल्य नपाएको झोकमा कतिपय किसानले उत्पादन नै बन्द गरे । जब खेती गरिएन, फेरि बजार भाउ बढ्ने नै भयो । यसै बीच व्यापारीलाई चीनबाट प्राप्त २० टनको मागमा नेपाली बजारमा मात्र ५, ६ टन उपलब्ध बन्यो । नपुग भारतबाट खरिद गरी चीन पठाउँदासमेत प्रतिलिटर २, ३ हजार फाइदा हुने अवस्था बन्यो । अलैँचीको कथा पनि त्यस्तै रह्यो । २,५०० पुगेको अलैँचीको मूल्य ६०० मा झर्यो, जुन लागत ३५० भन्दा बढी नै थियो । तर किसान दिगो भएर उक्त पेसामा बसेनन् । इनोभेसन कल्चरको बानी बसाल्न नसक्दा उद्यमले उद्यमशीलाता नै पाएन । नेपालमा जडीबुटीको प्रशोधन र बिक्री तथा निर्यात उद्यमशीलताको विकासका लागि कृषि र हर्बल क्षेत्रको ज्ञानको नवीन निकायमार्फत ज्ञान, सीप र प्रविधिको हस्तान्तरणको तत्काल खाँचो छ । त्यसको सुरुवातका लागि सरकारले मात्र ५, १० मिलियन अमेरिकी डलर जति सक्षम निजी क्षेत्र पहिलाएर अनुदान सहयोग दिने सर्तमा तत्काल काम सुरु गर्न लगाउन पर्ने अवस्था रहेको छ ।

समृद्धिका खातिर पनि निजी क्षेत्रलाई अनुदान दिन नसकिने अनि सरकारी क्षेत्रमा रहेको बजेट भुइँमा न भाँडाको बन्ने हविगत दुई तिहाइ सरकारमा उस्तै अवस्था देखियो । ज्ञान, सीप र प्रविधि भित्र्याउने कुरा राज्यले आफै सम्पूर्ण खर्च बेहोर्न तयार हुँदा मात्र सम्भव हुने हुन्छ । हाम्रा जिम्मेवार निकायमा यो विषयको गम्भीरताको चुरो र रसबारे न कोही जानकार रहेको देखियो न कसैमा कुनै चासो नै । सीप र प्रविधि भित्र्याउने काममा समेत अर्काको प्रायोजन पाइन्छ वा फोकटमा हुने अवस्था आउँछ भने गर्ने हो नत्र किन गर्ने भन्ने प्रवृत्तिले गाँजेको आसय भेटियो । नेपालको हालको समृद्धिमा समेत प्रायोजन खोज्ने रवैयाले कुनै योजना पार लगाउँदैन । यसको परिवर्तन बिना गरिने सबै प्रयासले मात्र समयको बर्बादी र सरकारी ढुकुटीको नाश मात्र निम्त्याउनेछ ।

(लेखक घिमिरे जडीबुटी र हर्बल क्षेत्रमा उन्नत अनुसन्धान र उद्यमशीलताको विकासका लागि ज्ञान, सीप र प्रविधि हस्तान्तरणका क्षेत्रमा काम गर्ने खाद्य वैज्ञानिक हुन् ।)

क्षयरोग (टि.बी.) का लक्षणहरु

१. दुई हप्ताभन्दा बढी समयसम्म लगातार खोकी लाग्नु ।

२. साझँ पख सधै ज्वरो आउनु ।

३. खाना खान मन नलाग्नु ।

४. तौल(वजन) घट्नु ।

५. खकारमा रगत देखा पर्नु । यस्ता लक्षण देखा परेमा तुरुन्त स्वास्थ्य संस्थामा गई स्वास्थ्य तथा खकार जाँच गराऔं ।

पचालझरना गाउँपालिका
कालिकोट

# पेट्रोल उत्खनन् गर्न ४.५ किमिसम्म ड्रिल गर्ने तयारी

मिसन न्यूज
सुर्खेत


पेट्रोलियम अन्वेषण गर्न 'ड्रिल' गरिरहेको मेशिन । तस्विरः मिसन न्यूज ।

दैलेखको पादुकास्थानमा पेट्रोलियम पदार्थको अनुसन्धान धमाधम चलिरहेको छ। नेपाल सरकार खानी तथा भुगर्भ विभाग र चीनको चाइना जिओलोजिकल सर्भेको सयुक्त टोलीले उक्त अनुसन्धान गरिरहेको हो । लामो समय देखि खोलाको पानीमा तेल जस्तो चिल्लो पदार्थ तैरिएको भेटिएपछि त्यो तेल हुनसक्ने भन्दै अनुसन्धान थालिएको हो । प्रधानमन्त्री केपी शर्मा ओली पहिलो पटक चीन भ्रमणमा जाँदा चीन सरकारलाई अनुसन्धानका लागि आग्रह गरेका थिए । अहिले नेपाली र चिनियाँ टोलीले सयुक्त रुपमा अध्ययन गरिरहेको छ ।

पेट्रोलियम पदार्थको अन्वेषणकालागि यो नेपालमा भएको पहिलो अध्ययन होइन । यसअघि २०४५ सालमा मोरङ बाहुनीमा पनि पेट्रोल खानीको खोजी गरिएको थियो । त्यतिबेला सेल ट्राइटा कम्पनीले साढे तीन (३.५) किलोमिटर गहिराइसम्म खन्दा पनि पेट्रोलियम पदार्थ नभेटिएपछि खोजी बन्द भएको थियो । विश्व भरिनै पेट्रोलियम पदार्थ भएको अनुमान गरिएको थोरै ठाउँमा मात्रै यो भेटिने गरेको छ । अनुमान गरिएको ठाउँमा १० प्रतिशत मात्रै पेट्रोलियम पदार्थ पाइएको अन्तराष्ट्रिय अनुभव छन् । केही महिना अघिको पाकिस्तान पनि यसको उदाहरण हो । लामो अध्ययनपछि गत महिना पाकिस्तानको तटिय इलाकामा पेट्रोलियम पदार्थ नभेटिएको समाचार आयो । अर्बौं रुपैयाँ खर्च गरेर गरिएको त्यो अनुसन्धानको नतिजा शुन्य भएको अन्तराष्ट्रिय समाचार संस्थाहरुले बताए । भुगर्भ विभागका उपमहानिर्देशक सुधिर रजौरे पनि विश्व भरिनै ८ देखि १० प्रतिशत मात्रै अनुमान गरिएको ठाउँमा पेट्रोलियम पदार्थ पाइने बताउछन् । तर दैलेखमा तेल भेटिनेमा उनी निकै आशावादी छन् । कार्यलयमै राखिएको दैलेखको आधा भाडो कच्चा तेल देखाउँदै त्यहाँ पेट्रोलियम पदार्थ पाइने आधार बलियो भएको उनले दाबी गरे । 'भारतको आसाम र पाकिस्तानका केही यस्तै क्षेत्रमा तेल भेटियो । लामो सयदेखि त्यहाँ तेल उत्पादन र प्रशोधन भइरहेको छ । उस्तै भौगर्भिक संरचना भएकाले नेपालको दैलेखमा पनि तेलको ठुलै भण्डार हुन सक्छ,' उनले भने । नेपालको चुरे तथा तराईको सिमा क्षेत्रमा तेलको भण्डार बढी हुन सक्ने उनको अनुमान छ । 'पानीमा पेट्रोलियम पदार्थ तैरिरहेको अवस्थामा भेटिएको थियो, आगोको ज्वाला पनि प्रकृतिक रुपमै बलिरहेको थियो त्यसैले त्यहाँ पेट्रोलियम पदार्थ भएको पुष्टि हुन्छ,' उनले भने, 'त्यहाँको चट्टानको संरचना हेर्दा पनि पेट्रोलियम पदार्थ भएको अनुमान लगाउन सकिन्छ ।' चट्टानको विचमा पर्ने चापले मात्रै पेट्रोलियम पदार्थ बन्छ । विशेषगरि पेट्रोलियम पदार्थ पृथ्वीको सतहमा रहेका सुक्ष्म वनस्पति तथा जीवहरु जमिनमुनि पुरिएर बन्ने हो । जमिन मुनि चाप वा दबाब र लामो समयसम्म हुने रासायनिक प्रतिकृयाले वनस्पती र जीवहरु पत्रे चट्टानमा परिणत हुन्छन् । पत्रे चट्टानमा संकलित जैविक पदार्थ ९० देखि १७५ डिग्री सेल्सियस तापक्रम र उच्च दबाबका कारण लाखौ वर्षपछि जैविक र रासायनिक प्रतिकृयाको कारणले पेट्रोलियम पदार्थमा परिणत हुन्छ । नेपाल पनि त्यो संभावना रहेकाले पेट्रोलियम पदार्थ पाइने संभावना बढेको रजैरेको भनाइ छ । ललितपुरमा केही समय अघि जमिनमा आगो बलेको समाचार सार्वजनिक भएको थियो । रजौरे त्यहाँ भने पेट्रोलियम पदार्थको भण्डार भएको विश्वास गर्दैनन् । 'पेट्रोलियम पदार्थ बन्नको लागि आवस्यक चाप यहाँको संरचनामा पुग्दैन त्यसैले यहाँ ठुलो भण्डार छैन,' उनले भने । दैलेखमा पेट्रोलियम पदार्थ पाइने आधार भएपनि यतिनै पेट्रोलियम पदार्थ छ भन्ने पुष्टि भएको छैन । 'पेट्रोलियम पदार्थको मात्रा अहिलेसम्म एकिन भएको छैन, हाम्रो काम कति पेट्रोलियम पदार्थ छ भनेर पत्ता लगाउने हो,' उनले भने, 'हामीले अहिले सम्म कहाँबाट ड्रिल गर्दा भित्र सम्म पुगिन्छ भनेर अनुसन्धान गरिरहेका छौ' रजैरेले भने । अहिले अन्वेषण गरिरहेको टोलीले जमिनको 'एक्स'रे गरिरहेको छ । उनका अनुसार ड्रिल गर्न सकिने सजिलो ठाउँ पत्ता लगाएपछि मात्रै ड्रिलिङको काम सुरु हुन्छ ।

ड्रिलिङ गरेर पेट्रोलियम पदार्थ भए नभएको र परिणाम पत्ता लगाउन अझै एक वर्ष लाग्ने रजौरेले जानकारी दिए । दैलेखमा ४.५ किलोमिटरसम्म ड्रिल गर्ने योजना अनुसार काम भइरहेको छ । त्यति ड्रिल गर्दा पनि पेट्रोलियम पदार्थको भण्डार भेटिएन भने काम अघि बढ्दैन र अहिलेसम्मको सबै मेहनत खेर जान्छ । 'ड्रिल गरेपछि मात्रै कति पेट्रोलियम पदार्थ छ भन्ने पत्ता लगाउन सकिन्छ,' उनले भने, 'खानी भेटिएपछि पनि त्यसको आर्थिक विश्लेषण हुन्छ । त्यसपछि मात्रै उत्पादन गर्ने नगर्ने निर्णय हुन्छ । भण्डार ठुलो रहेछ भने मात्रै उत्पादन सुरु हुन्छ ।' उत्पादन कम हुने र खर्च बढी लाग्ने अवस्थामा उत्पादन गरिदैन । नेपालमै उत्पादन गर्दा अहिलेको बजार मूल्य भन्दा सस्तो भएमा मात्रै त्यो आर्थिक रुपमा फाइदाजनक हुन्छ । तेल उत्पादन भने भुगर्भ विभागले गर्दैन । विभागले पेट्रोलियम पदार्थको मात्रा पत्ता लगाउने मात्र हो । सरकारले कुनै अन्य कम्पनी वा संस्थालाई उत्पादनको जिम्मेवारी दिन्छ । पहिलो एक वर्ष

बाँकी ८ पेजमा.....

## स्वास्थ्य सन्देश

उच्च ज्वरो आउँने, खोकी लाग्ने, घाँटी दुख्ने, सास फेर्न गाह्रो हुने भएमा जटिल सरुवा रोगको लक्षण हुन सक्छ । तसर्थ समयमै स्वास्थ्य संस्थामा आई स्वास्थ्य परिक्षण गराउँनुहोस् ।

पलाँता गाउँपालिका
कालिकोट

## प्रकोप नियन्त्रणको सूचना

मौसम बदलीका कारणले बिभिन्न प्रकार रोग लाग्ने डर भएको हुदाँ सफा र स्वच्छ पानीको प्रयोग गरौं । बासी भिंगा भन्केको खानेकुरा नखाऔं । घर आगन सफा सुग्घर राखौं । स्वस्थ्य जीवन राख्न सधैं सफा सुग्घर हुने बानी बसालौं । सफा घर स्वस्थ्य जीवन जिउने आधार हो । सबै त्यसैमा लागौं ।

रास्कोट नगरपालिका
कालिकोट

## मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध

– मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौं ।
– बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुऔं ।
– पशुपन्क्षी बथ गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔं ।
– खुला रुपमा राखेको र भिंगा भन्केको माछा मासु नखाउँ र नखुवाऔं ।
– माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔं ।

महावै गाउँपालिका
कालिकोट

## सम्पुर्णमा हाम्रो अनुरोध

नगरपालिकालाई पुर्ण सरसफाइ घोषणा गर्नु पर्ने अभियान थालिएकोले नगरपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ ।

तिलागुफा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कालिकोट

# कालिकोटको जितेबजारले दियो रोजगारी

मिसन न्यूज
कालिकोट



जिल्लाको एक स्थानिय हाटबजार जिते बजारले बेरोजगारलाई रोजगार दिएको छ। २०६३ सालमा सुर्खेत जुम्ला सडक निर्माण भएपछि कर्णाली नदीको छालमा लागेको बजारले यहाँका स्थानिय बेरोजगारीहरुलाई १३ वर्षदेखि नै रोजगारी दिएको हो । कर्णाली नदिमा पक्की पुल निर्माण नहुँदा राजमार्गको स्थानिय जितेबजारदेखि झोलंगेपुल तारेर सामाग्रीहरु लेवरमार्फत ढुवानी गराउनु पर्छ। दैनिक जसो एक सय भन्दा बढी मजदुरले अहिले रोजगारी पाइरहेका छन्। २०६३ सालदेखि दैनिक जसो एक सय भन्दा बढी स्थानिय बेरोजगारीहरुले रोजगारी पाइरहेको जितेबजारका एक व्यापारी तुलाराज योगीले बताए । उनले भने, 'यतिले पनि सामान समयमै पुल पारी पुर्याउन सकिँदैन, रातभरी सडकमै सामानको हेरालो राख्नुपर्छ। राजेगारीको लागि जिल्लाका ९ वटै स्थानिय तहहरुवाट यहाँ भारी बोक्न आउँछन्। दिनभरी भारी बोक्छन् बेलुका एक हजारदेखि १५ सयसम्म ज्याला बुझेर घर फकिन्छन् त कोही टाढादेखि भारी बोक्न आउने मजदुर भने बजारमै कोटा लिएर बस्छन् । वास्तवमा भन्ने हो भने, एक स्थानिय तहले अहिलेसम्म मजदुरलाई रोजगारी दिन सकेको छैन । तर, स्थानिय हाटबजारले दैनिक एक सय भन्दा बढी बेरोजगारिहरुलाई रोजगार दिएको छ।

**संघीयता के हो ? थाहा छैन ।**

लामो समयदेखि जितेबजारमा भारी बोक्दै आइरहेका खाँडाचक्र नगरपालिका -२ निवासि पंखे विकले भने, 'मेरो रोजी रोटीनै यही भारी हो । यही बजारमा भारी बोक्दा मेरो १३ वर्ष बित्यो । पहिले पनि भारी बोकेरै घरपरिवार पाल्थेँ, अहिले पनि भारि बोकेरै दुई छोरा र तिन छोरीलाई यसैबाट पढाई र घर खर्च चलाइरहेको छु ।' 'देशमा संघीयता आयो भन्छन्, के हो संघीयता ? मलाई थाहा छैन । हामीहरु जस्ता भारी बाकी खानेहरुका लागि संघीयता आएपनि नआए जस्तै छ । पहिला पनि भारी नै बोकेरै खानु पर्थ्यो, अहिले पनि भारी बोकेरै खाइरहेका छौँ, उनले भने, 'खडक खन्नका लागि गाँउभरी स्काइभेटर मेशिन ल्याएर बाटो खनिरहेका छन्। जनप्रतिनिधीहरुकै हालिमुहाली छ । हामी गरिबहरुको वडापालिका वा नगरपालिकामा केही गणना छैन । जोसंग पैसा छ, उनीहरुनै जनप्रतिनिधिको नजिक भएर सबै ठेक्का लिन्छन्। वास्तवमा हामीसंग न पावर हुन्छ न त पैसा। पहिला जस्तो थियो अहिले पनि उस्तै छ। सिंहदरबारको अधिकार गाँउमा आउने हल्ला सुन्दा

**बाँकी ८ पेजमा.....**

# अस्पतालमा चिकित्सक अभाव

मिसन न्यूज
कालिकोट

जिल्ला अस्पताल कालिकोटमा दिन प्रतिदिन बिरामीको संख्या बढ्दै गए पनि चिकित्सकको भने अभाव छ । चिसो मौसम सुरु भएसँगै अस्पतालमा बिरामीको चाप बढ्दै गएको छ । बिरामीको चापअनुसार चिकित्सक छैनन्। मौसम परिवर्तनसँगै रुघाखोकी, ज्वरो, झाडापखाला, दम, निमोनिया, टाइफाइडलगायत विभिन्न सरुवा रोगको संक्रमण बढेको अस्पतालले जनाएको छ । जिल्ला अस्पतालका प्रमुख डा. भीष्म पोखेलले दैनिक दुई सयभन्दा बढी बिरामी उपचारका लागि अस्पताल आउने गरेको बताए । मौसम परिवर्तनसँगै बिरामी बढे पनि अस्पतालमा आवश्यक स्वास्थ्यकर्मी नहुँदा बिरामीको उपचारमा समस्या भएको उनको भनाइ छ । चाप बढेपछि बिरामीलाई नाम लेखाउनकै लागि घण्टौं लाइनमा बस्नुपर्ने बाध्यता छ । बिरामीले टिकट काट्न संघर्ष गर्नुपर्ने उपचारका लागि आएका सन्तोष मल्लले बताए । उनका अनुसार अस्पतालमा दक्ष चिकित्सक भेटाउन मुस्किल पर्छ । पोखेलका अनुसार दरबन्दीअनुसार जनशक्ति नहुँदा समस्या भएको हो । आवश्यक दरबन्दी पूरा गर्न प्रदेश सरकारसँग पटक पटक अनुरोध गरे पनि माग सुनुवाई नभएको उनले बताए। आठ जना डाक्टर हुनुपर्ने जिल्ला अस्पतालमा हाल एकजना डाक्टरमात्रै छन् । जिल्ला अस्पतालमा जम्मा २९ जनाको दरबन्दी छ । तीनजना विशेषज्ञ डाक्टरको दरबन्दी खाली छ। अस्पतालका सूचना अधिकारी कटक महतले राज्यले दरबन्दीअनुसार चिकित्सक नपठाउँदा समस्या भएको तर्क गरे ।




# अग्नि पीडितले पाए नयाँ घर

मिसन न्यूज
मुगु

एक वर्षदेखि त्रिपालमा बस्दैआएका मुगु कार्मारोङ गाउँपालिका–४ किम्री गाउँका १९ अग्नि पीडित परिवारलाई नयाँ घर हस्तान्तरण गरिएको छ। किम्री गाउँका ५३ घरधुरीमध्ये १९ घरमा अघिल्लो वर्ष बैशाख २० गते आगलागीबाट अन्नवाली र धनसम्पत्ति पूर्ण रुपले क्षति भएको थियो । एक वर्षसम्म खुल्ला आकासमुनी त्रिपालमा हिउँद वर्षाका कष्टकर जीवन बिताउँदै आएका १९ पीडित परिवारलाई शनिबार नयाँ निर्मित घर हस्तान्तरण गरिएको हो ।

वडाध्यक्ष छिरिङ्ग टासी लामाको घरबाट सल्केको आगोले सँगै जोडिएका १९ घरधुरी पूर्ण रुपले क्षति भएपछि उनीहरुको नयाँ घर निर्माण गर्ने जिम्मा मानवअधिकार तथा वातावरण विकास केन्द्र हिरेन्डेकले लिएको थियो । यसका लागि ब्याक टु लाई इभीको आर्थिक सहयोग थियो । आगलागी भएका १९ घरधुरीका लागि प्रति घर ६ लाखका दरले १ करोड २२ लाख ५५ हजारमा शौचालय सहित ढुङ्गा, काठद्वारा निर्मित १९ घर हस्तान्तरण गरिएको हिरेन्डेक नेपालका अध्यक्ष राजु कार्कीले जानकारी दिए । गत वर्ष मंसिर २६ गतेबाट निमार्ण कार्य सुरु भएका घर हालै सम्पन्न भएका हुन्। हिरेन्डेकका प्रतिनिधि, प्रदेश सांसद दानसिंह परियार लगायत स्थानीय जनप्रतिनिधिहरुले पीडितलाई घर हस्तान्तरण गरेका थिए ।



**सम्पुर्णमा हाम्रो अनुरोध**

**गाउँपालिकामा पुर्ण सरसफाइ अभियान थालिएकोले गाउँपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ ।**

**सान्नी त्रिवेणी गाउँपालिका**
**गाउँ कार्यपालिकाको, कार्यालय**
**कालिकोट**

## महत्वपूर्ण टेलिफोनहरु

| | | | |
|---|---|---|---|
| कालिकोट जिल्ला अदालत | ०८७-४४०१२१ | शसस्त्र प्रहरी कार्यालय | ०८७-४४०३१३ |
| जिल्ला प्रशासन कार्यालय | ४४००१२/४४०११२ | राष्ट्रिय वाणिज्य बैक | ४४०११९ |
| जिल्ला समन्वय समिति | ४४००२१/४४०११४ | ग्लोवल आईएमई बैंक | ०८७-४४०२७३ |
| जिल्ला प्रहरी कार्यालय | ४४००१३/४४०११३ | सानीमा बैंक | ०८७-४४०१२६ |
| जिल्ला स्वास्थ्य कार्यालय | ४४०१३३ | एनआईसी बैंक | ०८७-४४०१४४ |
| जिल्ला कारागार शाखा | ४४००१७ | मेगा बैंक | ०८७-४४००९८ |
| जिल्ला सरकारी वकिल कार्यालय | ४४००२० | निर्धन उत्थान विकास बैक | ०८७-४४०२५९ |
| जिल्ला शिक्षा समन्वय इकाई | ४४०११६ | किसान माइक्रोफाइनान्स | ०८७-४४०२६२ |
| कोष तथा लेखा नियन्त्रण कार्यालय | ४४०११७ | जिल्ला आयुर्वेद कार्यालय | ४४०१७९ |
| जिल्ला कृषि ज्ञान केन्द्र | ४४०११८/४४०२०९ | नापी कार्यालय | ४४००१८ |
| जिल्ला निर्वाचन कार्यालय | ४४०१४९ | मालपोत कार्यालय | ४४००१९ |
| नेपाल विद्युत प्राधिकरण | ४४०१४७ | जिल्ला खेलकुद विकास समिति | ४४०००५ |
| नेपाल खाद्य संस्थान | ४४०००८ | ईश्वर अफसेट प्रेस | ०८७-४४०२३९ |
| नेपाल रेडक्रस सोसाइटी | ४४०१२५ | हिमचुली कृषि सहकारी सस्था | ०८७४४०१९७ |
| आपत्कालीन एम्बुलेन्स | ९७५८९००१३९ | उद्योग बाणिज्य संघ कालिकोट | ०८७-४४०१०८ |
| जिल्ला ट्राफिक कार्यालय | ९८५८३९०००६ | मिसन न्यूज | ०८७–४४०२४२ |
| कृषि विकास बैंक कालिकोट | ०८७-४४००५९ | | |

**मिसन न्यूज राष्ट्रिय साप्ताहिक**

# जातीय विभेदविरूद्ध लागे युवा


मिसन न्यूज
जुम्ला

जातीय विभेदविरुद्ध जुम्लाका युवा सक्रिय भएका छन् । कर्णालीलगायतका जिल्लामा सामाजिक समस्याका रूपमा रहेको रहेको जातीय विभेदविरुद्ध यहाँका युवा सक्रिय भएका हुन् । जातीय विभेदका बारेमा आमनागरिकलाई जानकारी गराउने



उद्देश्यले अभियान नै थालिएको छ । जातीय विभेदविरुद्धको अभियानमा यहाँका गैरदलित युवाको सहभागिता रहेको छ । विभिन्न क्लब तथा क्याम्पस तहमा अध्ययनरत गैरदलित युवाको समेत यसमा सहभागिता रहेको छ । नगर युवा सञ्जाल जुम्लाले जिल्लाभर जातीय विभेदविरुद्धको अभियान थालनी गरेको हो । नाटकका माध्यमबाट जातीय विभेदबारे जिल्ला व्यापी अभियान थालिएको नगर युवा सञ्जाल जुम्लाका अध्यक्ष धनराज सुनारले बताए । उनका अनुसार जिल्लाका आठ स्थानीय तहमा नाटक प्रर्दशन गरिने कार्यक्रम रहेको छ । युवा सञ्जालले जिल्लामा विभिन्न सामाजिक विषयमा जनचेतनामूलक कार्यक्रमसमेत गर्दै आएको छ । 'समाजमा गम्भीर समस्याका रूपमा रहेको जातीय विभेद विरुद्धको अभियानमा छौं' उनले भने,'जिल्लामा अहिले पनि जातीय विभेद कायमै छ ।' नेपालको संविधानले समेत गम्भीर अपराधको रूपमा व्याख्या गरेको जातीय विभेद जुम्लामा अहिले पनि कायमै छ । कथित तल्लो जातको आधारमा होच्याउने प्रविधिका विरुद्धमा प्रर्दशन गरिने नाटकमा दलित पात्रको चरित्रमा गैर दलित युवा छन्, भने गैरदलित चरित्रमा दलित युवा छन् । यस्तो चरित्रमा नाटक प्रदर्शन गर्दा समाजका नागरिकलाई महसुस हुने विश्वास उनीहरूको छ । जिल्लास्तरीय बाल सञ्जालका अध्यक्ष रहेका अभियान्ता ईश्वर खत्री मानवलाई जातको आधारमा भेदभाव गरिनु मानवीयता दृष्टिले उपयुक्त नभएको बताउँछन् । सडक नाटकको माध्यमबाट जातीय विभेद अन्त्यको अभियानमा आफू लागेको उनको भनाइ छ ।

# मुटु बाथ रोग के हो ?



मुटु बाथ रोग प्राकृतिक रुपमा आफैं हुने खालको रोग होइन । यो त मानिसले आफ्नो जीवनकालमा आफैले ल्याएको वा आफ्नै कारणले हुने रोग हो । मुटु बाथ रोग खास गरेर इन्फेक्सन अर्थात् संक्रमणको कारणले हुने गर्छ । चिकित्सा विज्ञानमा भएको प्रगतिका कारण विकसित देशहरुमा यो रोगमाथि एक किसिमले पूरै नियन्त्रण पाइसकिएको छ । त्यसैले के भन्ने गरिन्छ भने विकसित देशमा मुटु बाथ रोग लोप हुँदै गइरहेको छ । तर दु:खको कुरा, विकासोन्मुख देशमा भने मुटुको रोगहरुमध्ये यो सबैभन्दा अगाडि देखिन्छ । त्यसो त विगतमाभन्दा अहिले यो रोगको समस्यामा केही कमी अवश्य पनि आएको नेपाल मेडिसिटी अस्पताल क्रिटिकल कियर विभाग प्रमुख तथा मुटुरोग विशेषज्ञ डा. लभ नरसिंह जोशी बताउँछन् ।

खासगरी, शहरी क्षेत्रहरुमा यो समस्या लिएर अस्पताल पुग्नेको संख्यामा निकै कमि आएपनि ग्रामीण भेगमा अझै यो समस्या बाँकी नै रहेको छ । ४० वर्षमुनिका मुटु रोगीहरुमा यो रोगबाट मृत्यु हुनेको संख्या धेरै छ । मुटु बाथ रोगको सुरुवात किशोरावस्थामै हुन्छ । किशोर अवस्थामा देखिने यो रोग पछि गएर महिलाहरुमा बढी देखिने गरेको छ । प्रारम्भिक चरणमा ज्वरो आउने, घाँटी दुख्ने, थुक निल्न अप्ठ्यारो हुने लगायतका लक्षण देखिने हुन्छ । त्यसको राम्ररी उपचार हुन नपाउँदा त्यही संक्रमण फैलिएर मुटुको भल्भमा समेत असर गर्न थाल्छ । हो त्यसरी हुने संक्रमणलाई नै जम्मा जम्मीमा मुटु बाथ रोग भनिन्छ । किशोरावस्थामा घाँटीमा हुने संक्रमण र मुटु बाथरोगको घनिष्ठ सम्बन्ध हुन्छ । किशोरावस्थामा घाँटीमा हुने संक्रमणलाई बोलीचालीमा टन्सिल भएको भनिन्छ भने त्यसको चिकित्सीय नाम चाहिँ टन्सिलाइटिस हो । यो समस्या घाँटीको ग्रन्थीमा संक्रमण भई सुन्निने, निल्न गाह्रो हुने, दुख्ने जस्ता यो समस्या 'स्ट्रेप्टोकोकस व्याक्टेरिया'को कारणले हुन्छ । टन्सिलाइटिसको समयमा उपचार नभएमा मुटु बाथ रोग लाग्छ । हुन त कतिलाई स्ट्रेप्टोकोकसको संक्रमण हुँदामै बाथ रोग लागिहाल्छ भन्ने हुँदैन । राम्रो उपचार भयो भने त्यो समस्या त्यहीं निको भएर जाने डा. जोशी बताउँछन् । तर कतिपयलाई चाहिँ त्यो समस्या निको भएको जस्तो देखिए पनि वास्तवमा निको भएको हुँदैन । फलतः त्यसले जटिलता थपिन्छ । यो रोगको शुरुमा घाँटी दुख्ने, रुघा लागेको जस्तो हुन्छ । संक्रमण बढ्दै गएपछि शरीरको अन्य भागलाई असर गर्छ । शुरुको अवस्थामा औषधि नगरेमा मुटुको भल्भहरू सुन्निने, खुम्चिने र फुक्ने आदि जस्ता समस्या भई मुटुको रोग लाग्छ । जसलाई 'रुमेटिक हार्ट डिजिज' पनि भनिन्छ । टन्सिलाइटिस भएर संक्रमण भएमा मुटुका भल्वमा सिधै असर गर्छ र मुटुका भल्वलाई नष्ट गरिदिन पनि सक्छ । मुटुका भल्वहरु एकबाट रगत आउने र अर्कोबाट जाने प्रक्रिया चलिरहेको हुन्छ । यस्तोमा आउने वा जाने मात्र बन्द भएमा समस्या पैदा हुन्छ । यसले मुटुको चालमा असर गरिहेको हुन्छ ।


## हाम्रो अनुरोध

सिंचाइ पुर्वाधार, कृषि विकासको मुल आधार सिंचाइ गरौं, उत्पादन बढाऔं । सिंचाइको विस्तार कृषकको जीवनस्तरमा सुधार राष्ट्रिय खाद्या सुरक्षामा टेवा पुर्‍याऔं, गरिबी न्यूनिकरण गरौं ।

कृषि ज्ञान केन्द्रको कार्यालय
कालिकोट

## प्रकोप र महामारी सम्बन्धमा

नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।

नरहरीनाथ गाउँपालिकाको कार्यालय
कालिकोट

## स्वास्थ्य प्रतिष्ठा, विकास र समृद्धिका लागि पुर्ण सरसफाई

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी, संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.सावुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइ दए पछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

स्वास्थ्य कार्यालय कालिकोट
कर्णाली प्रदेश, नेपाल

## हाम्रो सन्देश

स्वस्थ जीवनको लागि एक छाक भात एक छाक रोटी खाऔं । धान चामलको बढ्दो आयातलाई कम गरि खाद्यान्नमा परनिर्भरता घटाऔं । खेती योग्य बाझौं जग्गामा खेती गरि खाद्य संम्प्रभुताको मौलिकहक लाई कार्यान्वयन गरौं, गराऔं ।

सान्नी त्रिवेणी गाउँपालिका
कालिकोट

# श्रम समझदारी सरकार पहल गर्दै

**मिसन न्यूज**

**काठमाडौं**

नेपाली कामदारका लागि वैदेशिक रोजगारीको आकर्षक श्रम गन्तव्य मुलुक ओमानसँग सरकारले श्रम समझदारी गर्ने भएको छ । अहिले दुई देशबीच हुने श्रम समझदारीको मस्यौदालाई र मूल्य-मान्यतालाई ध्यानमा राखेर त्यसकै आधारमा समझदारी हुन लागेको मन्त्रालयका वैदेशिक रोजगार महाशाखाका उपसचिव दीपक ढकालले जानकारी दिए । उनले अरू देशसँग भएका समझदारीलाई आधार बनाएर नै ओमानसँग समझदारी हुन लागेको बताए । ओमानसँग पनि कामदार छनोट र भर्ना प्रक्रियामा



मन्त्रिपरिषद् बैठकले पारित गरिसकेको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले जनाएको छ। मन्त्रालयका सहसचिव रामप्रसाद घिमिरेले अब केही समयभित्रै ओमानका श्रम मामिलामन्त्री नेपाल आएर समझदारीमा औपचारिक हस्ताक्षर हुने जानकारी दिए । हस्ताक्षर हुनुअघि ओमान सरकारले पनि यो समझदारीलाई पारित गर्नुपर्ने बताउँदै घिमिरेले भने, 'हामीले ओमानका मन्त्रीलाई निम्तो दिएका छौं, केही समयभित्र समझदारीमा हस्ताक्षर हुन्छ।' नेपालले गत एक वर्षका बीचमा मलेसिया, जापान, यूएई र मोरिससससँग श्रम समझदारी गरिसकेको छ। ओमानसँग भने विभिन्न प्राविधिक विषयहरू टुंगो लाग्न बाँकी थियो। ओमान नेपाली महिला कामदारको आकर्षण भएको मुलुक हो । ओमानसँगको समझदारीमा पनि कामदारको हितलाई केन्द्रमा राखिएको मन्त्रालयले जनाएको छ । यसअघि धेरै लामो समयको छलफलपछि दुई देशबीच नयाँ श्रम समझदारीको मस्यौदामा सहमति जुटेको थियो। अन्तराष्ट्रिय श्रम कानुन लाग्ने सबै शुल्क एवं लागत रोजगारदाताले नै बेहोर्ने समझदारीमा उल्लेख छ । यसैगरी, व्यवसायजन्य दुर्घटना वा रोग लागेमा उपचार खर्च रोजगारदाताले बेहोर्नुपर्ने छ। समझदारीपछि रोजगारदाताको कमी-कमजोरीका कारण कामदार बेरोजगार हुनुपर्ने अवस्था आएमा कामदारले वैकल्पिक रोजगारीको खोजी गर्न सक्नेछन् । कुनै पनि कामदारलाई ज्याला, ओभरटाइम भत्ता, कार्य वातावरण र न्यायमा पहुँचजस्ता विषयमा विभेद गर्न नपाइने र सबै विदेशी श्रमिकलाई समान व्यवहार हुनुपर्ने मान्यतालाई स्थापित गर्न खोजिएको श्रम मन्त्रालयले जनाएको छ। महिला कामदारका लागि श्रमिक कल्याण र सुरक्षाका विशेष उपाय सुनिश्चित गर्नुपर्ने र राहदानीलगायत व्यक्तिगत परिचयसम्बन्धी कागजात श्रमिककै साथमा रहन पाउने व्यवस्थाको सुनिश्चितता पनि श्रम समझदारीमा खोजिएको छ। त्यसैगरी, कामदारको मृत्यु भएमा शव नेपालमा ल्याउन लाग्ने सम्पूर्ण लागत रोजगारदाताले नै बेहोर्नु पर्नेछ ।

# स्पेनी फेर्नान्देजले नेपाल भ्रमण गर्दै

**एजेन्सी**

**बार्सिलोना**

स्पेनका प्रधानमन्त्री पेड्रो सान्चेथका विश्वास पात्र ठानिने गियर्मो फेर्नान्देज भाराले ४ दिने नेपाल भ्रमण गर्ने भएका छन् । स्पेनको सत्तारूढ सोसलिष्ट पार्टीका प्रमुख नेतामध्ये नै गनिने



फेर्नान्देज एक्त्रेमादुरा प्रदेशका प्रमुखसमेत हुन् । उनी नेपाल भ्रमण वर्ष २०२० को अवसर पारेर जनवरी पहिलो हप्ता नेपाल पुग्न लागेका हुन् । लुम्बिनी सांस्कृतिक नगरपालिकाका नगर प्रमुख मनमोहन चौधरीले स्पेनमा नै भारासँग भेटवार्ता गरी नेपाल भ्रमणको निम्तो दिएका थिए । गत साता सम्पन्न संसदीय निर्वाचनमा उनको दल सोसलिष्ट पार्टीले सबै भन्दा बढी मत ल्याएको थियो । स्पेनको काथेरेस शहरमा बुद्धको स्तुपा बनाउने योजनालाई उनको नेपाल भ्रमणले सहयोग मिल्ने विश्वास लुम्बिनी गार्डेन फाउन्डेसनका महासचिव एकराज गिरीले बताएका छन्। यसअघि स्याड्रिडमा बुद्ध स्तुपासहित लुम्बिनी गार्डेन बनाउने भनिए पनि प्राविधिक कारणले रोकिएको थियो ।

फेर्नान्देज भारासँगै काथेरेस नगरपालिकाका नगरप्रमुख लुईस सालाया जुलिअनले पनि नेपाल पुग्ने भएका छन्। स्पेनिस टोलीलाई प्रधानमन्त्री केपी शर्मा ओली लगायत उच्चपदस्थ अधिकारीहरुसँग भेटवार्ताका लागि पहल गरिदिन लुम्बिनी सांस्कृतिक नगरपालिकाले म्याड्रिडस्थित नेपाली दूतावासलाई पत्राचार गरेको छ। स्पेनबाट मात्र १५ हजार भन्दा बढी पर्यटकहरुले बर्सेनी नेपाल भ्रमण गर्ने गरेका छन्। नेपाल भ्रमण वर्ष २०२० को सुरुवातमा नै स्पेनिस टोलीको नेपाल भ्रमणले पर्यटकहरुलाई अझ नेपाल पुग्न प्रेरित गर्ने ठानिएको छ ।

# साताको भाग्यफल

| | |
|---|---|
| मेष : | प्रारम्भमा विशेष अवसर प्राप्त भए पनि सहयोगीहरूको भरपर्दा पछि परिनेछ। काम बिग्रने डरले सताउनेछ। साझेदारीमा समस्या आउनाले पहिलेको सम्झौता भंग हुन सक्छ। साइनो गाँस्नेहरूले दुःख दिन सक्छन्। जिम्मेवारी प्राप्त भए पनि उपलब्धिका लागि समय प्रतीक्षा गर्नुपर्ला। |
| वृष : | समयमा आँट गर्न नसक्दा काममा केही चुनौती देखा पर्नेछन्। पठनपाठनमा त्यति ध्यान दिन नसकिएला। सोमवार र मंगलवार स्थिति अनुकूल बन्नुका साथै प्रयत्न गर्दा लक्ष्य पूरा हुनेछ। प्रतिद्वन्द्वीहरूलाई तह लगाउन सकिनेछ। व्यापारमा फाइदा हुनेछ। कामले अरूलाई आकर्षित गर्न सकिनेछ। |
| मिथुन : | प्रारम्भमा रमाइलो पारिवारिक जमघटका बीच स्वादिष्ट खानपानको आनन्द प्राप्त हुनेछ। तर स्वास्थ्य कमजोर रहनेछ भने परिस्थिति अलि असहज हुन सक्छ। फजुल खर्च बढ्नुका साथै वादविवादमा परिने सम्भावना छ। अवसर प्राप्त भए पनि आफ्नैले काम बिगार्न सक्छन् |
| कर्कट : | खर्चिलो काम गर्नुपर्ने देखिएकाले रकम जोहो गर्न सरसापट लिनुपर्ला। कमजोर नतिजा सच्याउन काम दोहोर्याउनुपर्ने देखिन्छ। सोमवार र मंगलवार भेटघाट र खानपानमा समय बित्नेछ। विभिन्न कामका अवसर पनि आउनेछन्। तर, स्वास्थ्यचिन्ताले सताउन सक्छ। |
| सिंह : | सुरुमा काम बन्नाले आम्दानी बढ्नेछ। दिगो फाइदा हुने काम प्रारम्भ गर्ने अवसर जुट्नेछ। खट्िकएको आवश्यकता पूरा गर्न सकिनेछ। सोमवारदेखि खर्च बढ्नाले आर्थिक अभावको अनुभूति हुनेछ। तापनि टाढाका साथीभाइसँगको सम्बन्धले लामो यात्रा गर्ने अवसर जुट्न सक्छ। |
| कन्या : | सुरुमा हिम्मत गर्न नसक्दा काममा विलम्ब हुनेछ। आफ्नैले पनि धोका दिन सक्छन्। केही विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला। तापनि सोमवार र मंगलवार अँटेका काम बन्नाले मनग्गे फाइदा हुनेछ। व्यवसायमा राम्रै आम्दानी हुनाले भैपरी आउने समस्या टर्नेछन्। |
| तुला : | सुरुमा अरूका लागि जुट्नुपरे पनि आफ्नै भाग्योन्नति हुनेछ। अनुभव देखाएर उपलब्धि हातपार्ने समय छ। हिम्मत गर्दा प्रतिष्ठित जिम्मेवारी हातपार्न सफल भइनेछ। विशिष्ट व्यक्ति भेट्ने अवसर जुट्नेछ। लगनशीलताले दाम, इनाम एवं प्रतिष्ठा दिलाउनेछ। |
| वृश्चिक : | प्रारम्भमा केही झमेला आउन सक्छन्। आफन्त टाढिनेछन् भने अस्वस्थताका बीच कामको बोझ बढ्नेछ। तापनि मिहिनेत गर्दा चुनौती पार लगाउन सकिनेछ। बुधवारदेखि स्थितिमा सुधार आउनेछ भने सुखदुःखमा साथ दिनेहरू प्रशस्तै फेला पर्नेछन्। रोकिएको काम बन्नुका साथै नयाँ काम सुरु हुनेछ। |
| धनु : | सुरुमा प्रियजनसँग भेटघाट हुनाले रमाइलो यात्रा गर्ने अवसर जुट्न सक्छ। आतिथ्यपूर्ण सम्मान प्राप्त हुनेछ। सोमवारदेखि खर्चको मात्रा बढ्नेछ। व्यवसायमा लगानी बढाउनुपर्ने हुन सक्छ। बिहीवारसम्म परिस्थिति केही असहज रहन सक्छ। स्वास्थ्यमा पनि कमजोरी देखापर्नेछ। |
| मकर : | प्रारम्भमा प्रतिस्पर्धीहरूले दुःख दिए पनि कर्मयोगले फाइदा दिलाउनेछ। खर्च लागे पनि मिहिनेतले विशेष अवसर हात पार्न सकिनेछ। चिताएको काम बन्नाले जोश-जाँगर बढ्नेछ। दिगो फाइदा हुने काम हातलागी हुनेछ। तर परिवारजनका आवश्यकता पूरा गर्न समय लाग्नेछ। |
| कुम्भ : | सुरुमा अस्वस्थताका बीच कामको जिम्मेवारी बढ्न सक्छ। काममा बाधा र चुनौती देखिनेछन्। अरूको स्वार्थमा उपयोग भइनेछ, सजग रहनुहोला। सोमवारदेखि स्थितिमा सुधार आउनुका साथै राजनीति र नोकरीमा प्रसिद्धि बढ्नेछ। व्यवसायबाट सोचेको लाभ मिल्नेछ। |
| मीन : | प्रारम्भमा केही चुनौती देखापरे पनि आफन्तको साथ प्राप्त हुनेछ। ईर्ष्या गर्नेहरूले काममा अवरोध पुर्‍याउलान्। तापनि प्रयत्न गर्दा विगतका कमजोरीलाई सच्याउन सकिनेछ। सोमवारदेखि पेटको खराबीले सताउन सक्छ। पढाइलेखाइमा ध्यान दिन नसकिएला। काम रोकिनाले पछि परिनेछ। |

## अवैध क्रसर........................................

निर्माण कार्यलाई सहजीकरण गर्न कार्यविधि संशोधन गरिएके बताए। 'संघीय कानुन अनुसार सुर्खेतमा क्रसर उद्योग सञ्चालन अनुमति दिन सकिने अवस्था छैन', सचिव आचार्यले भने, 'विकास निमाृण प्रभावित नहुनेगरी नदी पैदावर प्रशोधनका लासग अस्थायी प्रकृतिको क्रसर सञ्चालन गर्न दिने विषयमा छलफल चलिरहेको छ।'

## कालिकोटको जितेबजारले............................

हामीलाई खुशी पनि लागेको थियो । अहिले वास्तवमा संघीयता भनेकै हुने खानेहरुको पोल्ठा भर्ने काम भष्ट्रचार र बेथिति आएको महसुस भएको छ।, रोजगारीकै लागि भारतको नैनिताल जानु परेको छैन। आफ्नै घर नजिक भारी बोकेर भएपनि गुजारा गरेका छौं। यसैमा चित्र वुझाउनु परेको छ।' पंखे मात्र होइनन् जिते बजारमा भारी बोक्दै गरेका शुभकालिका गाँउपालिका -२ भर्ता निवासी ३५ वर्षीय प्रेम तिमेल्सेनाले पनि यस्तै गुनासो गरे।

तत्कालिन माओवादि र राज्य पक्षविचको चर्किदो समयमा १३ वर्षको उमेरमा पढाई छाडि म रोजगारिको लागि बुवासंग भारतको नैनितालमा ज्याला मजदुरी गरेँ । भारतमा मेरो ११ वर्ष बित्यो। त्यसपछि नेपालमा द्वन्द्व सामाधान भयो भन्ने सुनेँ अनि म घर फर्किएँ। देशमा संघीयता आउन लाग्यो भन्ने थाहा पाएपछि घरफर्किए तर, संघीयता भन्ने शब्द जे सुनेको थिएँ, वास्तवमा त्यो मैले देखेन। अहिले म दिनभरी भारी नबोके सम्म बिहान बेलुका छाक टार्न मुस्किल पर्छ। संघीयता मलाई थाहा छैन।यही बजार मेरो जिवन चलाउने भाँडो भएको छ।' हुँदापनि संघीयता गरिब र निमुखाहरुका लागि हो तर पछिल्लो समय संघीयता हुने खाने र जनप्रतिनिधिहरुका आसेपासेहरुको लागि मात्र आएको जितेबजार बजार व्यवस्थापन समितिका अध्यक्ष दिल बहादुर शाहीले बताए। संघीयता आउनु अगाडी नागरिकहरमा जे आशा थियो, त्यो आशा हराएको छ ,गाँउमा सिंहदरबार आयो भन्छन् तर, वास्तवमा भष्टचार मात्र आएको छ। दिन प्रतिदिन रोजगारीको लागि नेपालि बेरोजगार युवाहरु विदेस जानेको लर्को छ। अहिले सम्म कुनै पनि स्थानिय तहले बेरोजगार युवाहरुलाई रोजगारी दिएर गाउँमै रोक्न सकिरहेका छैनन्। के को संघीयता, गाँउ गाँउमा पैसावालाहरुले जनप्रतिनिधीसंग मिलेर कमिशन खाएर बाटो खन्न डोजर ल्याएका छन्। स्थानिय नागरिक रोजगारीको लागि बाहिर जाँदैछन्।

## कर्णालीको उत्तरी..... ..........................

सदरमुकाम दुनैदेखि मोरिम्लासम्म १२७ किमिमध्ये मोरिल्लादेखि दुनैतर्फको धौसम्मको ६५ किलोमिटर सडक निर्माण भइसकेको छ। त्यसबीचको सडक निर्माण कडा चट्टान भएका कारण समस्या भएको छ।' दुनैदेखि धौसम्मको सडक निर्माणका लागि वातावरणीय मूल्याङ्कनको काम शुरू भएको तर सरकारले बजेट विनियोजन भने भइनसकेको प्रमुख भट्टले बताए। उनले भने,'वातावरणीय मूल्याङ्कन भएपछि बजेटको व्यवस्था हुन्छ।'

## दैलेखमा पेट्रोल उत्खनन्..................

ड्रिल गरेर भण्डारको मात्रा पत्ता लगाएपछि उत्पादन सुरु गर्न अर्का एक वर्ष लाग्ने उनले बताए। नियमित काम भएमा अबको तीन वर्ष पछि पेट्रोलियम पदार्थ उत्पादन गर्न सकिने उनले दाबी गरे। अहिले अध्यायन भइरहेको दैलेखमा ४५ चिनियाँ कामदारले काम गरिरहेका छन्। ३० वर्ग किलोमिटर क्षेत्रफलमा ड्रिल कहाँबाट गर्ने भन्ने अध्यायन भइरहेको छ। पछिल्लो समय नेपालमा सबैभन्दा बढी आयात हुने बस्तुमा पेट्रोलियम पदार्थ नै पर्छ। गत आर्थिक बर्षमा झण्डै दुई खर्ब बराबरको पेट्रोलियम पदार्थ आयात भयो।


### मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध

– **मासुको लागि बध गरिने पशुपन्क्षीहरूको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौं।**
– **बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाऔं र नखुऔं।**
– **पशुपन्क्षी बध गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔं।**
– **खुला रुपमा राखेको र झिंगा भन्केको माछा,मासु नखाउ र नखुवाऔं।**
– **माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔं।**

**नरहरिनाथ गाउँपालिका**
**कालिकोट**



### 'भष्ट्राचार विरुद्धको सहकार्य:सुशासनको लागी अपरिहार्य'

कुनै सार्वजनिक जवाफदेही पदमा बहाल रहेको व्यक्तिले भष्ट्राचार गरी अख्तियारको दुरुपयोग गरेमा देहायको ठेगानामा पत्राचार, ईमेल, फोन वा फ्याक्स गरी भष्ट्राचार नियन्त्रण र सुशासन प्रबर्द्धनमा सहयोग पुऱ्याउन हुन अनुरोध छ।

**सम्पर्क ठेगाना**
अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय,सुर्खेत
फोन नं.०८३-५२५३७४,०८३-५२३१७८,०८३-५२१९६०
फ्याक्स नं. ०८३-५२३८८४
२४ सै घण्टा उपलब्ध हुने मोवाइल नं. ९८५८०५३४२२
ईमेल नं. ciaasurkhat@gmail.com



### सान्नी त्रिवेणीको सन्देश

**सुन्दर र समृद्ध गाउँपालीका निर्माण, एकमात्र आधार जैविक, कृषी उत्पादन, पशुपालन र जडीवुटीको माध्यामवाट निर्यातमुखी अर्थतन्त्रको विकास हाम्रो सशक्त अभियान।**

**सान्नी त्रिवेणी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**कालिकोट**



### बेस्ट कर्णाली मिडियाद्धारा जारी सुचना

बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रकाशित 'ख' वर्गमा वर्गिकृत मिसन न्युज साप्ताहिक पत्रिका सुर्खेत र कालिकोटबाट एकै साथ प्रकाशन भईरहेको छ। साथै **www.missionenews.com** डिजिटल अनलाईन पत्रिका हरपल तपाईको साथमा छ। पलपलको समाचार, ताजा सुचना तथा विज्ञापनका लागि सधै यहाँको साथमा छौं।

हाम्रा विशेषता
– सरकारी,गैरसरकारी तथा प्राइभेट कार्यालयको वेवसाईड डिजाइन्।
– अनलाईन पत्रिका डिजाइन।
– वेवसाइड तथा अनलाईन पत्रिकाको लागि डोमेन रिजव।
– वेव तथा अनलाईनका लागि होस्टीग।
– स्थानीय तथा राष्ट्रिय संचार माध्यामा प्रशारणका लागि रेडियो तथा टेलिभिजन कार्यक्रम उत्पादन।
– भिडियो डुकुमेन्ट्री उत्पादन।
– स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका, रेडियो तथा टेलिभिजनका लागि विज्ञापन एजेन्सी।

फोन : ०८७-४४०२४२,९८४८०४९४५५, ९८६८३१५३५३
इमेल : bestkarnalimedia@gmail.com
missionnewsp@gmail.com


बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रकाशित मिसन न्यूज राष्ट्रिय साप्ताहिक, सम्पादक,पवित्र शाही, कार्यालय, विरेन्द्रनगर,६,सुर्खेत, खाँडाचक्र न.पा.१,कालीकोट, फोनः ०८७-४४०२४२,९८४८०४९४५५ ९८६८३१५३५३,९८४८३२९७४८,इमेल,missionnewsp@gmail.com,bestkarnalimedia@gmail.com, मुद्रण, ईश्वर अफसेट प्रेस,कालीकोट,नवदुर्गा छापाखाना,वि.न.पा.सुर्खेत